# विकास निर्माणमा गुणस्तरीयता चाहिन्छ

**आजभोलि के मा व्यस्त हुनुहुन्छ ?**

आजभोलि जिल्लाको विकासका काममा समग्र समन्वय, अनुगमन र सहजीकरण गरी नागरिकहरु सेवालाई कसरी व्यवस्था गर्ने र सहज बनाउन सकिन्छ भन्ने काममा नै लागिरहेका छौं ।

**चालु आर्थिक वर्षको अन्तिम अन्तिममा आईसकेका छौं । जिसस काभ्रेबाट के के कार्यक्रम भए त ? उपलब्धिहरु के के छन् ?**

जिल्ला समन्वय समिति विकास निर्माणको अथवा योजनाको बाँडफाँड गर्ने अधिकार पाएको संस्था होइन । यसले समग्र जिल्लाको कामको नियमन गर्छ । जिल्लाको १३ वटा पालिका र जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुको नियमन अनुगमन सहजीकरण गर्ने काम समितिले गर्छ । जिल्ला समन्वय समिति कार्यालयको मौज्दात कोषमा रहेको बजेटको साझेदारीमा कामहरु हामीले गर्छौ । जिल्ला समन्वय समितिको ६० प्रतिशत र ४० प्रतिशत स्थानीय पालिकाहरुको साझेदारीमा काम हुने गरेको छ । काभ्रेपलाञ्चोक जिल्लाको १३ वटै पालिकाको साझेदारीमा हामीले काम गर्ने गरेका छौं ।

**संघीय वा प्रदेशीय सरकारी कार्यालय र स्थानीय तह बीचको समन्वय के कत्तिको भइरहेको छ ?**

स्थानीय पालिका र जिल्ला स्थित संघ प्रदेशका कार्यालयहरुसँग हाम्रो राम्रो सम्बन्ध रहेको छ । जहाँ समस्या पर्छ ती समस्याहरुलाई हामीले टुलुटुलु हेरेर बसेका छैनौ । त्यहाँको समस्याको पहिचान गरी समाधान गराउने तर्फ लागेका छौं । काभ्रेपलाञ्चोक जिल्लाको हकमा हामीले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका बीचमा रहेर त्यहाँको समस्या हेरेर समन्वय गर्दै समाधानको दिशातर्फ लैजाने गरेका छौं । अन्तरजिल्लामा भएका समस्याहरु जस्तै सिमानाको समस्या हाम्रो काभ्रेपलाञ्चोक जिल्लामा छ । सिन्धुपाल्चोक जिल्लाको साँगाचोक नगरपालिका बीचको सिमानाको समस्याको समाधान गर्न हामी लागिरहेका छौं । मण्डन देउपुर नगरपालिका र इन्द्रावती गाउँपालिकाबीचको सिमानाको समस्या छ । त्यसको समाधान गर्न पनि हामी लागि परेका छौं । समग्र जिल्लामा समन्वय र अनुगमनमा कमी नआउने गरी र हरेक समस्यालाई समाधान गराउनको निमित्त हामी लागि परिरहेका छौं ।

**जिल्ला भित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कामको अनुगमन कस्तो भइरहेको छ ?**

जिल्ला स्थित पालिकाको विकास निर्माणका काम पालिकाको मात्र होइन हामी प्रदेश सरकारले पनि पठाएको बजेट कार्यक्रमको पनि अनुगमन गर्छौ । संघीय सरकारले पठाएको बजेट तथा कार्यक्रमको समेत हामीहरुले अनुगमन गर्छौ । विकास निर्माणका काममा प्रभावकारी ढंगले अनुगमन गर्ने गरेका छौं । तर समस्या के छ भने अनुगमन जति हुनुपर्ने हो त्यति प्रभावकारी हुन सकेको छैन । यो चाहिं जटिल समस्या हो । सामान्य हेरेर आउने खालको मात्रै अनुगमन हुने गरेको छ । काभ्रे जिल्लामा ल्याब टेस्ट गर्ने न त ठाउँ छ न कुनै पूर्ण सामग्री रहेका छन् । जब त्यो याद छैन भने त्यसको प्रभावकारी अनुगमन भयो भन्न सक्दिन । काम भएको हुन्छ । त्यसको डिजाइन भित्र छ कि छैन भन्ने कुरालाई मात्र हेर्छौ । त्यसको गुणस्तर र असली रुप हामीले अनुगमनले समेत देखाउन सकेका छैनौ । आगामी दिनमा जिल्लामा ल्याबको पनि व्यवस्थापन गर्नुपर्ने देखिन्छ । धेरै कुरामा ध्यान दिएर काम गर्न सक्यौ भने मात्र प्रभावकारी अनुगमन हुन सक्छ । अहिले धेरै विकृतिहरु छन् । यसलाई सुधार्न पर्ने देखिन्छ । चाहे त्यो स्थानीय तह मार्फतबाट भएका विकास निर्माणका योजनामा होस् चाहे त्यो प्रदेश, संघीय सरकारबाट भएको विकास निर्माणका योजनाहरु होस् । यसलाई व्यवस्थित र गुणस्तरीय कामभन्दा पनि मापदण्डको हिसाबले मिलाएर गर्न सकिन्छ भन्ने ध्यान गएको देखिन्छ । कतिपय सन्दर्भमा हामीले अनुगमन गरेर भुक्तानीको लागि समेत चिठी काट्नु पर्ने अवस्था छ । नागरिकको तहमा पनि छ । जस्तो उपभोक्ता समितिहरु बन्ने र उपभोक्ता समितिहरुले बजेट अनुसारको काम गर्ने भन्दा पनि बिल मिलाउने गरेको तर्फ ध्यान गएको देखिन्छ । निर्माण व्यवसायले गरेको कामको अवस्था पनि उस्तै छ । निर्माण व्यवसायले ठेक्का भएपछि पनि समयमै काम सम्पन्न गर्न सक्दैन । काम समयमा सम्पन्न नगर्ने मात्र होइन कामको गुणस्तरीयता समेत पनि प्रश्न चिन्ह उठ्ने गरी काम भएको देखिन्छ । यसलाई हामीले कडाईका साथ अनुगमन गरेका छौ । जस्तो कि हामीले धुलिखेल खावा सडक, सूर्यविनायकदेखि धुलिखेल, तेमाल सडक, महाभारत खानिखोला सडकका कुरा र पछिल्लो समयको खोपासीको सडकको काम पनि हेर्न सकिन्छ । सडक तथा विभिन्न पूर्वाधारका कामहरु, राष्ट्र निर्माणका कामहरु जस्तो विद्यालय भवनहरु निर्माण, व्यवस्थित खानेपानी, स्वास्थ्य चौकी निर्माण, हामीले अनुगमन गरी आवश्यक पर्ने सहयोग गर्ने गरेका छौं । हामीले विकास निर्माणका थुप्रै काम गरेता पनि गुणस्तरीय कुराहरुमा ध्यान पुऱ्याउँदा पुऱ्याउँदै पनि कुनै कुराहरुमा हामी चुकेको छौं ।

**जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि के कस्ता कार्यक्रम सञ्चालन भएको छ ?**

जिल्ला समन्वय समितिले स्थानीय तहका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रम तथा तालिमहरु गराएका छौं । हामीले वडा अध्यक्षहरुको क्षमता अभिवृद्धि गराउनका निम्ति कार्यक्रमहरु गरेका छौं । स्थानीय तहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु गरेका छौं । न्यायिक समितिहरुलाई न्याय सम्पादनमा सहज गराउने हिसाबले कार्यक्रमहरु गरेका छौं । पालिकाको प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरुको क्षमता विकासको लागि कार्यक्रमहरु गर्ने गरेको छौं । त्यो संगसँगै स्थानीय सरकारले बनाउनुपर्ने कानूनहरुको सन्दर्भमा विभिन्न कार्यक्रमहरु गरेर स्थानीय सरकारले यस्ता कानूनी व्यवस्था अवलम्बन गर्नुपर्दछ, स्थानीय सरकारले कानून नबनाइकन काम गर्यो भने उहाँहरुलाई समस्या पर्छ भनेर उहाँहरुलाई सल्लाह सुझाव दिएका हुन्छौ । काम गर्ने क्रममा विभिन्न प्रश्नहरु उठ्छन् । प्रश्न उठ्ने मात्र होइन कि भोलि जवाफ पनि दिनुपर्ने हुन्छ । कसरी कानून बनाउने कुरा, जनप्रतिनिधि र कर्मचारीहरुमा क्षमता अभिवृद्धि गराएर नागरिकहरुलाई सेवा दिन सजिलो होस् भन्ने हिसाबले यस्ता कार्यक्रमहरु यो वर्ष पनि गरेका छौं । गत वर्ष पनि गरेको थियौं ।

**जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरण गर्ने काम कत्तिको भएको छ ?**

काभ्रेपलाञ्चोक जिल्ला विपदको हिसाबले संवेदनशील जिल्ला हो । हाम्रो जिल्ला पहाडी भाग र केही तराईका भागहरु जस्तो भौगोलिक अवस्था पनि यस्तै रहेको छ । खासगरी विपद् व्यवस्थापनमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति पनि छ । विपदको क्षेत्रमा जस्तै आगोलागि बाढीपहिरो, दुर्घटनाहरु लगायत विभिन्न खालका विपत्तिहरु जानकारी दिएर आउँदैन ।

त्यसैले तत्काल रेस्क्यु गर्ने, नागरिकहरुलाई जोगाउने, क्षति हुन नदिन हाम्रो जिल्लाको सुरक्षा निकायहरुले लागि परिरहेका छन् । जहाँसम्म राहतको कुरा छ । पर्याप्त राहत कोषहरु छैनन् । तत्काल सामान्य राहत दिनसक्ने अवस्था छ । जुन भन्नुपर्दाखेरि अप्ठ्यारो पर्दा नागरिकलाई सहज हुनेगरी हामीले प्रयोग गर्न सक्ने विभिन्न विपद व्यवस्थापन समितिले पर्याप्त स्रोत साधन र बजेट नभएको हुनाले केही समस्याहरु छन् । यद्यपी हामीले जिल्लामा विपद व्यवस्थापनको पर्याप्त मात्रामा इक्युमेन्टहरु नभए पनि जिल्लाको विपद व्यवस्थापन समिति र जिल्लाको सुरक्षा निकायहरुले रिस्क मोलेर भएपनि नागरिकको लागि काम गरिरहेको हामीले पाएका छौं । अब मनसुन पनि सुरु भइरहेको छ । केही दिन अगाडि सशस्त्र प्रहरी १५ नम्बर हेडक्वाटर पाञ्चखालले विपत्तिमा कसरी नागरिकहरुको सुरक्षा गर्छौ भन्ने कुराहरुको डेमो प्रस्तुत गरेको थियो । १७ गते मण्डन देउपुरको सिपाघाट इन्द्रावतीमा कालीजंग गण, मण्डन देउपुर नगरपालिका, जिसस, जिल्ला प्रशासन कार्यालय धुलिखेल, जिल्ला विपद् व्यवस्थापन समिति लगायतको सहकार्यमा एउटा राम्रो डेमो प्रस्तुत गरेका छौं । स्थानीय सरकारले विपत्तिहरु आउँदा तत्काल रेस्क्यु दिन सक्ने टिमहरु पनि निर्माण गर्ने कुरामा ध्यान दिएका छन् ।

**विकास तथा निर्माण सम्बन्धी कार्यमा गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग कसरी समन्वय गरिरहनुभएको छ ?**

गैरसरकारी संस्था र सरकारी कार्यालयहरुको अनुगमन र समन्वय गर्ने कार्य जिल्ला समन्वय समिति कार्यालयको पनि हो । एनजिओ र आईएनजीओ विगतका तुलनामा लगानी गर्न जिल्लामा आएको कमै मात्रामा देखिएको छ । डोनरहरु कम आएको देखिएको छ । जति पनि आउनुभएको छ उहाँहरु हामीसँग समन्वय गरेर जिल्लामा काम गरिरहनुभएको छ । कतिपय सन्दर्भमा यस्ता कुरामा कानूनी व्यवस्थाहरु छन् । जिल्ला समन्वय समितिले अनुमति दिनुपर्ने केही परियोजनाहरु छन् जहाँ उहाँहरुले सिफारिस लिनुहुन्छ । कतिपय माथिबाट आएकाहरु चाहिं जिल्लासाग र जिल्लासाग सिफारिस नलिइ स्थानीय तहसाग धेरै समन्वय नगरी काम गर्ने संस्थाहरु पनि छन् । तर गलत ढंगले आफ्नो संस्थाको स्वार्थले प्रत्येक केन्द्रमा राखेर काम गरेका संस्थालाई कडाईका साथ हामी प्रस्तुत भएका छौं । समग्र जिल्लाको र जिल्लाको नागरिकहरुको अवस्था परिवर्तनका काम गर्न आउनुभएका सामाजिक संघसंस्थाहरुसाग मिलेरै काम गरिरहेको छौं ।

**जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना भएको छ ?**

जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना र सञ्चालन गर्ने हाम्रै क्षेत्र तथा अधिकारभित्र पर्दछ । यसको लागि कार्यालय नै खोलिएको छ । यसको लागि हामीले फोकल पर्सन नै तोकेका छौं । जिल्लाभरिका पालिकाहरुले निर्माण गरेका कानूनहरुको अभिलेखीकरण छ । हामीसँग अघिल्लो जनगणना अनुसारको डाटाहरु छन् । त्यो अभिलेख केन्द्र मार्फत ती सूचनाहरुलाई व्यवस्थित गर्ने र कानूनहरुको अभिलेखीकरण गर्ने काम हाम्रो हो । हामीले गरेको पनि छौं ।

**उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश समक्ष सिफारिश गर्ने कामले निरन्तरता पाएको छ ?**

हामीले गत वर्ष वित्तीय सुशासन कायम गर्ने पालिकाहरुलाई सम्मान गरेका थियौं । स्वमूल्यांकनमा उत्कृष्ट हुने पालिकाहरुलाई पनि सम्मान गर्यौं । वित्तीय अनुशासन कायम गर्ने गाउँपालिकातर्फ महाभारत गाउँपालिकालाई सम्मान गरेका थियौं भने नगरपालिकामा धुलिखेल नगरपालिकालाई सम्मान गरेका थियौं । सो मूल्यांकनमा उत्कृष्ट अंक ल्याउने बनेपा नगरपालिका नगरस्तरमा छ भने गाउँपालिकातर्फ खानीखोला गाउँपालिकालाई हामीले सम्मान गर्ने काम गरेका थियौं । उत्कृष्ट घोषणा पनि गरेका थियौं । वित्त आयोगले प्रस्तुत गरेको र संघीय मन्त्रालयले प्रस्तुत गरेको डेटाका अनुसारले यसपटक स्वमूल्यांकन आफैं पालिकाहरुले गर्नुहुन्छ र त्यसपछि जिल्ला समन्वय समितिको फिडब्याक रहन्छ । वित्तीय जोखिम मूल्यांकन गरेर नम्बर दिने काम जिल्ला समन्वय समिति कार्यालयको हो । हामीले १३ वटै पालिकामा गएर मूल्यांकन गरेर नम्बर समेत दिइसकेको अवस्था छ ।

**जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने काम भएको छ त ?**

समग्र जिल्लामा हरेक क्षेत्रलाई कसरी उत्थान गर्न सकिन्छ र हरेक क्षेत्रको समस्यालाई कसरी समाधान गर्न सकिन्छ भनेर निरन्तर लागि परिरहेका छौं । शिक्षाको क्षेत्रमा कसरी परिवर्तन गर्ने भनेर काम गरेका छौं । कृषिमा जिल्लालाई आत्मनिर्भर बनाउन र कृषिमा भविष्य छ भनेर आशा जगाउन कृषि महोत्सवको कुराहरु गर्न सकिन्छ ।

युवाहरुलाई नेपालमै बसेर केही गर्न सकिन्छ, कुलत बाटोमा होइन केही गरौं नेपालमा भनेर खेलकुदको मार्फत होस् या युवाहरुको क्षमता अभिवृद्धिका कुरा होस् चाहे युवाहरुलाई रोजगारीमा लिन सकिन्छ भन्ने कार्यक्रमहरु र नागरिकलाई स्वस्थ कसरी राख्न सकिन्छ र नागरिकको पहुँचमा स्वास्थ्य सेवालाई कसरी पुऱ्याउन सकिन्छ भन्नेतर्फका गतिविधिहरु पनि हामीले गरिरहेका छौं । त्यति मात्र होइन जिल्लामा भएका लैंगिक हिंसाविरुद्ध तथा अभियान चाहे बालबालिकाको क्षेत्रमा, जेष्ठ नागरिकहरुको क्षेत्रमा, अपांगता भएका नागरिकहरुको क्षेत्रमा हामी समस्त क्षेत्रहरुका जाति, भाषा ,वर्ग, लिंग सबै क्षेत्रहरुमा काम गरिरहेका छौं । आगामी दिनहरुमा पनि निरन्तरता दिएर लैजाने छौं ।



**दिपक कुमार गौतम, प्रमुख
जिल्ला समन्वय समिति, धुलिखेल, काभ्रे**